कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय, दैलेख

प.सं.:२०८३/०८४ च.नं. मिति:२०८३/०५/१६

## आर्थिक प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

आर्थिक वर्ष २०८३/०८४ को यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार अल्पकालिन आश्रयसहितको जिल्ला सेवा केन्द्र सञ्चालन व्यवस्थापन कार्यक्रम रहेकोले घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित व्यक्तिहरुको संरक्षण र सुरक्षाका लागि पीडित तथा प्रभावितलाई तत्काल उद्धार, व्यवस्थापन, स्वास्थ्य उपचार, शारीरिक तथा मानसिक उपचार, मनोविमर्श सेवा, कानूनी उपचार लगायतका अल्पकालिन सेवा प्रदान गरी सामाजिक रुपमा पुन:स्थापना पारिवारिक पुनर्मिलन गराई सम्मानजनक रुपले बाँच्न पाउँने अधिकारको रक्षा गर्ने र हिंसा प्रभावित महिला तथा वालवालिकाहरुको संरक्षण तथा न्यायमा पहुँचका लागि कार्यक्रम गर्न इच्छुक गैर सरकारी संघ/संस्थाहरुबाट समग्र कार्यक्रम योजना र बजेट सहितको प्रस्ताव पेश गर्नको लागि सामाजिक विकास मन्त्रालयको वार्षिक कार्यक्रम दिग्दर्शन बमोजिम सूचना प्रकाशन भएको छ । सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा देहायका शर्त अनुसार यस कार्यालयमा सिलवन्दी आर्थिक प्रस्ताव पेश गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**शर्तहरु:**

१. संस्था दर्ता प्रमाणपत्र, संस्थाको विधान, आ.व. २०८३/०८४ का लागि संस्था नवीकरण, प्यान नं, सञ्चालक समितिले प्रस्तावमा समावेश भएका कार्यक्रम सञ्चालन गर्न अनुदान माग गरेको निर्णयको प्रमाणित प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन तथा आ.व. २०८२/०८३ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने ।

२. सेवाकेन्द्र सञ्चालन व्यवस्थापन समितिको प्रस्ताव पेश गर्ने निर्णय संलग्न गर्नु पर्नेछ ।

३. संस्थाको कार्य प्रकृति खुल्ने र सेवाकेन्द्र सञ्चालन मापदन्ड अनुसार सञ्चालन भई रहेको भनी सम्वन्धित स्थानीय पालिकाको सिफारिस पत्र पेश गर्नु पर्ने छ ।

४. आश्रयसहितको जिल्ला सेवाकेन्द्र सञ्चालन व्यवस्थापन सम्वन्धी काम गरेको अनुभव भएको वा सेवाकेन्द्र सञ्चालन मापदण्ड अनुसार सञ्चालन भई रहेको हुनुपर्ने ।

५. प्रस्तावनामा सेवा केन्द्र सञ्चालन मापदण्ड भित्र रही कार्यक्रम सञ्चालनको लागि वढीमा रु. ५,००,०००/- अक्षरुपी पाँच लाख रुपैयाँसम्मको स्पष्ट कार्यक्रम र कार्ययोजना सहित सिलवन्दी आर्थिक प्रस्ताव पेश गर्नु पर्ने छ साथै उक्त कार्यक्रम २०८४ आषाढ महिनासम्म सञ्चालन गर्नु पर्नेछ ।

६. प्रस्तावमा पेश भएका कागजातका आधारमा स्वीकृत कार्यविधि सेवाकेन्द्र सञ्चालन मापदण्ड अनुसार मूल्याङ्कन गरिनेछ ।

७. रीत नपुगी तथा म्याद नाघी पेश हुन आएका प्रस्तावना उपर कुनै कारवाही हुने छैन ।

८. अन्य आवश्यक जानकारीका लागि सामाजिक विकास कार्यालय, दैलेखमा सम्पर्कका लागि अनुरोध छ ।

कार्यालय प्रमुख

Phone no :- 089-590043, Email:-sdodailekh@gmail.com, website:- https://sdodailekh.karnali.gov.np
"व्यावसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"